जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २२९ पृष्ठः ४ | २०८२ पुस १८ शुक्रबार (Friday 02 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सत्यनारायण साफीलाई मासिक १० हजार सहयोग गर्ने व्यसायी सारडाको घोषणा



सिरहा, १७ पुस। पूर्ण छात्रवृतिमा पढ्न एमबीबीएस नाम निकालेका कमजोर आर्थिक अवस्था भएका बरियारपट्टी गाउँपालिका २ सिरिपुरका सत्यनारायण साफीलाई व्यसायी विकास सारडाले प्रत्येक महिना १० हजार रुपैयाँ सहयोग उपलब्ध गराउने भएको छ। जिल्ला उद्योग वाणिज्य संघ लहान–सिरहाका अध्यक्षसमेत रहेका व्यसायी सारडाले जन्मदिनको अवसर पारेर साफीलाई नितान्त पढाईमा खर्चगर्नेगरी एबीबीएस पढाई पुरागर्दासम्मका लागि मासिक १० हजार रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएको हो।

उनले साफिको घरमै गएर आज साफिको पढाईमा सहयोग गर्ने जनाउँदै उनले विचमै पढाई छोडेमा वा नपढेमा सहयाग गर्न बाध्य नहुने सम्झौतासमेत गरेका छन्। सारडाले भने, 'यो हाम्रो सामाजिक दायित्व पनि हो, मैले साफी भाईलाई उनको पढाईमा सहयोग पुग्ने गरी मासिक १० हजार दिने प्रतिबद्धता जनाई सकेको छु। कुनै कारणबस उनले पढाई विचैमा छाडे वा पुरा नगरे सहयोगको सम्झौता पनि त्यसैदिनबाट भङ्ग हुनेछ।'



## भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आ  नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## गोलबजारमा भारतीय बजारबाट अवैधरुपमा ल्याइएको माङ्गुर माछा विक्रि–वितरणमा रोक



सिरहा, १७ पुस। गोलबजार नगरपालिकाले माङ्गुर जातको माछा विक्रिवितरणमा रोक लागाउने भएको छ। वतावरणीय सन्तुलनमा नकारात्मक असर पर्ने तथा जैविक विविधतामा हानी पुर्याउने भन्दै माङ्गुर माछाको उत्पादन, ओसार–पसार तथा विक्री वितरण निशेध गर्ने जनाएको हो। प्रमुख प्रशासकीय अधिकृत अनन्त कुमार पौड्यालले आज सूचना जारी गर्दै 'नेपाल सरकारको निर्देशनअनुसार माङ्गुर जातको माछा विक्री विरतण, ओषस–पसार तथा भण्डारणमा पूर्ण रुपमा निशेध गरिएको व्यहोरा जानकारी गराईन्छ।' भन्ने उल्लेख गरिएको छ।

सोही सूचनामा गोलबजार नगरपालिका क्षेत्रमित्र मङ्गुर माछा विक्री विरतण, ओषस–पसार तथा भण्डारण गरेको पाईएमा पनून बमोजिम कारवाही गनरिनेसमेत उलेख गरिएको छ। गोलबजार नगरपालिका क्षेत्रसहित सिरहाका विभिन्न ठाउँमा लाग्ने साप्ताहिक हाट–बजारहरुमा भने भारतबाट अवैधरुपमा ल्याइएका माङ्गुरसहित विभिन्न प्रजातिका माछा निर्वाधरुपमा विक्रिवितरण हुनेगरेको माछा व्यसायीहरु नै बताउँछन्।

## 'तीन तारे' नमुना विद्यालय बनाउन पूर्वाधार निर्माण गरिँदै



सिरहा, १६ पुस। खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधायुक्त मापदण्ड पुरा गरी यहाँको गोलबजार नगरपालिका–८ स्थित जनता नमूना माध्यमिक विद्यालयलाई 'तीन तारे' नमूना विद्यालय बनाउने लक्ष्यसहित पूर्वाधार विकास गर्न थालिएको छ। गोलबजार नगरपालिका, वेल्थ हङ्गर हिल्फे र सबल नेपालको संयुक्त साझेदारीमा विद्यालयमा अपाङ्गमैत्री शौचालय, बालमैत्री खानेपानी, साबुन पानीसहितको हातधुने सुविधा निर्माण तथा विस्तार गरिएको हो। विद्यालयलाई सुरक्षित, स्वच्छ र विद्यार्थीमैत्री बनाउने उद्देश्यसहित सञ्चालन गरिएको यस परियोजनामा 'वेल्थ हङ्ग हिल्फ'को आर्थिक सहयोगमा परियोजनातर्फबाट रु १४ लाख ६७ हजार र विद्यालयतर्फबाट रु १९ लाख ६६ हजार गरी कूल रु ३४ लाखभन्दा बढी लगानी गरिएको छ।

खानेपानी, सरसफाइ तथा स्वच्छताका न्यूनतम मापदण्ड पूरा गर्दै हाल विद्यालयलाई दुई तारे नमूना विद्यालय घोषणा गरिएको छभने भविष्यमा तीन तारे विद्यालय बनाउने लक्ष्य लिइएको छ। तीन तारे विद्यालयका लागि खानेपानी, शौचालय, सफा र हरियाली वातावरण, महिनावारी स्वच्छता व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहितालगायतका १० वटा

–बाँकी दुई पेजमा





GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## विधिको शासनमाथि 'हुँडार'को आक्रमण

राज्य सञ्चालनमा बाहुबल निर्णायक भएपछि विधिको शासनको उपहास हुनु अस्वाभाविक होइन। तैपनि, न्यायपालिका सक्षम र स्वतन्त्र रहँदासम्म कमजोरहरूको अधिकारको रक्षा न्यायालयले गर्छ भन्ने विश्वास गरिन्छ। न्यायाधीशहरूलाई नै धम्की दिइन थालेपछि भने कमजोरहरूको कुनै सम्बल बाँकी रहँदैन । नेपाल त्यही अवस्थामा पुग्न लागेको त होइन ? नेपालमा भदौ २३–२४ को घटनामा सर्वोच्च अदालतदेखि केही अरू अदालतहरू पनि जलाइएका थियो। व्यक्ति विशेषको मुद्दाका मिसिल राखिएको कोठा र फाँटमा विध्वंसकारीले छानीछानी आगजनी गरेका थिए। अहिले जसोतसो अदालतका इजलासहरू बस्न थालेकै बेला न्यायाधीशहरूलाई धम्की दिने क्रम बढ्नु विधिको शासन चाहनेहरूका निम्ति थप चिन्ताको विषय हो।

इजलास बस्नुअघि नै एसएमसबाट वा सामाजिक सञ्जालमा पोस्ट गरेर न्यायाधीशलाई धम्की दिने क्रम बढेपछि सोमबार नेपाल बार एसोसिएसन र सर्वोच्च बारका प्रतिनिधिको सहभागिता सहित फुलकोर्ट बैठक बसेको थियो। फुलकोर्टमा सर्वोच्च अख्दालतका सबै न्यायाधीश सम्मिलित हुन्छन्। स्थितिको गम्भीरता बुझेरै होला नेपाल बारले सल्लाहकारहरूसँग परामर्शसमेत गरेको छ। हुनत विगतमा कतिपयपटक राजनीतिक नेताहरूकै नेतृत्वमा न्यायालय र न्यायाधीशविरुद्ध सडकमा जुलुस पनि निकालिएकै हो। विसं २०५२ सालमा प्रतिनिधि सभा पुनःस्थापना हुँदा नेकपा (एमाले)का नेताहरूले प्रधान न्यााायधीशलाई फाँसी दिनुपर्ने नारा सडकमा लगाएका पनि थिए। तर, अन्ततः उनीहरू पनि आ नो अधिकार हनन हुँदा न्यायपालिकाकै शरणमा जानुपरेको थियो।

न्यायाधीशहरू स्वभावतः बढी मर्यादित र संयमित हुनुपर्ने भएकाले पनि उनीहरू स्वयं मुखररूपमा प्रतिवाद र प्रतिरक्षामा उत्रन मिल्दैन। धम्की दिने व्यक्ति वा समूहकै मुद्दामा पनि न्यायिक मन राखेर न्याय निरुपण गर्नुपर्ने हुन्छ। यसैले यसरी दिइने दबाब वा धम्कीबाट न्याय निरुपण प्रभावित हुनबाट जोगाउन पनि सञ्चारकर्मी, कानुन व्यवसायीलगायत नागरिक समाज न्यायाधीशहरूको रक्षाकवच बन्नुपर्छ। मूलतः सरकार नै न्यायाधीशहरूमाथि कुनै दबाब पर्न नदिन रक्षाकवच बन्न सक्नुपर्ने हो। त्यसमा पनि पूर्वप्रधान न्यायधीश नै प्रधानमन्त्री रहेको सरकार न्यायपालिकाको मर्यादाको रक्षाका लागि बढी गम्भीर र संवेदनशील हुने अपेक्षा नेपाली समाजले गरेको थियो। यसबीचका घटनाक्रमबाट भने त्यसमा विश्वस्त हुने आधार देखिएन। यो चिन्ताको अर्को विषय हो।

पक्कै पनि न्यायाधीश सबै दूधले धोइएका छैनन्। उनीहरूकै आचरणका कारण पनि न्यायपालिकाप्रति जनतामा वितृष्णा बढेको हुनसक्छ। मुद्दा फैसला हुँदा कतिपयमाथि अन्याय भएको पनि होला। तर यस्ता गुनासा र मर्काहरूको उपचारका लागि कानुनी संरचना र उपाय छन्। न्यायाधीशलाई धम्क्याएर त न्याय पाउन सकिँदैन। न्यायमूर्तिहरूले पनि नैतिक शक्ति आर्जन गर्नका लागि आ ना कमजोरीहरू सुधार्न ध्यान दिनुपर्छ। हुनत न्यायपालिकाप्रति अनास्था फैलाएको कसुरमा सजाय पाएका एक जना कसुरदारलाई प्रहरीले पुनः पक्राउ गरे कारागार पठाएको छ। अदालतबाट ६ महिना कैद ठेकिएका ती कसुरदार जेन–जी आन्दोलनका क्रममा कारागारबाट भागेका थिए। कारागारबाट भागेपछि पनि निजले न्यायाधीशहरूलाई धम्की दिइरहेको बताइएको छ।

प्रहरीका अनुसार न्यायाधीशलाई धम्की दिइएको विषयमा अहिलेसम्म उजुरी परेको छैन। तर, नेपाल बार एसोसियसनसमेत संलग्न भइसकेको विषयमा अनुसन्धानका लागि प्रहरीले उजुरी नै पर्खनु पक्कै पर्दैन। न्यायाधीशहरू यस्ता विषयमा अति नभईकन सार्वजनिकरूपमा बोल्ने वा उजुरी हाल्ने गर्दैनन्। न्यायाधीशहरूलाई धम्की दिनेविरुद्ध कारबाही गर्न कानुन व्यवसायीसमेत रहेका गृहमन्त्रीले पनि निर्देशन दिनुपर्ने हो।

## *'तीन तारे' ...*

निश्चित सूचक पूरा गर्नुपर्ने व्यवस्था छ। विद्यालयका प्रधानाध्यापक ब्रहमदेवप्रसाद सिंहले कार्यक्रमको प्रभाव विद्यालयको शैक्षिक तथा भौतिक वातावरणमा स्पष्ट देखिएको बताउँदै भन्नुभयो, "सबल नेपालको सहकार्यपछि विद्यालयको वातावरण पूर्णरूपमा परिवर्तन भएको छ। सरसफाइ मात्र होइन, विद्यार्थीको बानी–व्यवहार, अनुशासन र स्वच्छताप्रतिको चेतनामासमेत उल्लेखनीय सुधार आएको छ। अब विद्यालय परिवारको साझा लक्ष्य तीन तारे नमुना विद्यालय बन्ने हो।"

विद्यालयमा हाल एक हजार १५५ विद्यार्थी अध्ययनरत छन् भने ४८ जना शिक्षक तथा कर्मचारी कार्यरत छन् ।

# झुपडीबाट डाक्टरसम्म : अभावले नरोकेको सत्यनारायणको अठोट



**सुदिप राउत**

सिरहा, १७ पुस। दिनभरि इँट्टा–बालुवासँगको स र्ष, रातभरि डाक्टर बन्ने संकल्प। यही संघर्ष र संकल्पका कारण सिरहाका सत्यनारायण साफीले प्रमाणित गरेका छन्, अभावले बाटो छेक्न सक्छ, तर गन्तव्य रोक्न सक्दैन। भनिन्छ नि, चट्टान फोरेर पनि पिपल उम्रिन्छ। सत्यनारायणको यो सफलताले त्यो भनाइलाई व्यवहारमै चरितार्थ गरिदिएको छ। कठोर गरिबी र अभावको चट्टानलाई छिचोल्दै उनले झुपडीबाट देखेको सपना साकार हुने चरणमा पुगेको छ, यसले अभाव देखाएर भाग्ने देशभरका युवालाई पनि 'अठोटका अगाडि बाध्यता हार्छन्' भन्ने सन्देश प्रवाह गरेको छ।

हुलाकी लोकमार्गको बरियारपट्टि चोकबाट तीन किलोमिटरभित्र पर्छ श्रीपुर गाउँ। यो गाउँका स–साना छाप्राहरूको लहर छिचोलेपछि एउटा यस्तो झुप्रो भेटिन्छ, जुन गरिबीले ढल्नै लागेको छ, तर घरभित्र उम्रेको आशाले त्यसलाई टेको दिइरहेको आभाष हुन्छ। यहीभित्र अभाव र अँध्यारोसँग जुध्दै सत्यनारायणले एउटा चम्किलो सपना सजाए अर्थात् 'डाक्टर' बन्ने सपना। आज त्यही झुप्रोबाट पलाएको सपनाले पूर्णता पाउने बाटो तय गरेको छ।

यो सफलता त्यत्तिकै मिलेको होइन, सत्यनारायणले सुनाएअनुसार आमा सुनितालाई वर्षौंदेखि टाउको दुख्ने समस्या थियो। बुबा कतारमा पसिना बगाइरहेका बेला, आमालाई अस्पताल लैजाने जिम्मेवारी कलिलो उमेरमै सत्यनारायणको काँधमा आयो। उनी आमाको हात समाउँदै अस्पतालका गल्ली–गल्ली चहाथ्र्ये। डाक्टरले औषधि लेखिदिन्थे, औषधि खाँदा केही दिन निको हुन्थ्यो, तर फेरि उही पीडा दोहोरिन्थ्यो। अस्पतालका ती लामा लाइन, बिरामीहरूको चित्कार र आमाको अनुहारमा देखिएको असह्य पीडाले उनको बालमस्तिष्कमा गहिरो चोट पुऱ्यायो।

ती दिनहरू सम्झँदै सत्यनारायण भन्छन्, "औषधि खाँदा केही दिन निको हुने, फेरि उही पीडा दोहोरिने। आमाको त्यो पीडाले मेरो बाल्यकालको सोच नै बदलिदियो। अस्पतालमै उभिएर मैले कसम खाएँ, म डाक्टर बन्छु।" यही अठोटले हो, उनको सपना बदलिदिएको, त्यही सपनाले आज जीवनको दिशा नै बदलिदिने आधार तय गरिरहेको छ। सुरुमा उनलाई एमबिबिएसको प्रवेश परीक्षा कसरी दिने, कति खर्च लाग्छ वा कति पढ्नुपर्छ भन्ने केही ज्ञान थिएन। थियो त केवल एउटा दृढ संकल्प। सत्यनारायणले गाउँकै जनता माध्यमिक विद्यालयबाट २०७७ सालमा एसइई उत्तीर्ण गरे। पढाइमा तेज भएकै कारण उनले विराटनगरको अरनिको उच्च माविबाट विज्ञान विषय लिएर कक्षा १२ को पढाइ पूरा गरे। त्यसपछि उनको वास्तविक स र्षको अध्याय सुरु भएको हो।

"सपना त देखियो, तर घरमा बसेर हुनेवाला थिएन। सपना पछ्याउन घर छोड्नुपर्ने भयो। एमबिबिएसको तयारीका लागि काठमाडौं पुगेँ, तर आर्थिक अभावको पहाडले थिच्यो। तीन महिनामै काठमाडौं छाडेर घर फर्किँए। उता बुबा पनि कतारको रोजगारी गुमाएर घर फर्किनुभयो। परिवारमा 'भोक कि पढाइ' भन्ने सङ्कट आइलाग्यो", सत्यनारायणले सुनाए।

### हातमा दशथोक, मनमा पुस्तक

परिस्थितिसँग हार मान्ने उनको स्वभाव थिएन। काठमाडौंमा बसेर तयारी गर्ने सपना अधुरै छाड्नुपरेपछि गाउँ फर्किए। गाउँमै निर्माण मजदुरको काम रोजे। दिनभर चर्को घाममा मिस्त्रीसँगै गाह्रो लगाउने, सिमेन्ट बोक्ने र निर्माणको काम गर्ने सत्यनारायणको दैनिकी बन्यो। शरीर थकित हुन्थ्यो, हात–खुट्टा गल्थे, तर रात पर्नासाथ उनको मन फेरि पढाइतर्फ फर्किन्थ्यो। बत्तीको मधुरो उज्यालोमा उनी चिकित्सा शिक्षाका पुस्तक पल्टाउथे र प्रवेश परीक्षाको तयारीमा डुब्थ्ये।

"मैले गरिबीले काठमाडौं छोडेँ, तर सपना छोडेको होइन। मैले अभावले हण्डर खाएँ, तर हिम्मत हारेको थिइनँ। त्यसैले कुनै दिन अस्पतालको अगाडि उभिएर गरेको सङ्कल्पले मलाई गन्तव्यमा अगाडि बढिरहन झक्झक्याइरह्यो। आखिर सबैको कुरा अठोट त रहेछ, नहार्ने अठोट", मलिन मुद्रामा सत्यनारायणले विगत सम्झिँदै भने। यही अठोटले उनको संघर्षले नयाँ गोरेटो तय गऱ्यो। मजदुरीबाट हातमा परेको सीमित ज्यालाबाट घरखर्च कटाएर बाँकी बचेको पैसाले उनी किताब किन्थ्ये। कतिपय रात त उनले भोकभोकै पनि किताबका पाना पल्टाएर सपनाको खोजी गरे।

सत्यनारायण भन्छन्, "मेरो कोठामा किताबकै सिरानी र किताबकै ओछ्यान हुन्थ्यो।" त्यही किताबबीच बिताएका अनगिन्ती रातहरूले उनलाई मेडिकल कलेजको ढोकासम्म पुऱ्याएको हो।

### सफलताको उडान : पहिलो प्रयासमै नाम

काम सजिलो थिएन, तर सपना पनि त चानचुने थिएन। त्यसैले घरमै दुई वर्षको कठोर अध्ययन र मजदुरीपछि उनले चिकित्सा शिक्षा आयोगको प्रवेश परीक्षा दिए। नतिजा आउँदा सबै अचम्मित भए। सत्यनारायणले मधेसी दलित आरक्षण कोटामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भए। उनको तपस्याले अन्ततः प्रतिफल दियो। यो खबर सुन्दा परिवारमा खुसीको सीमा छैन।

यद्यपि, छात्रवृत्तिले पढाइ शुल्क निःशुल्क भए पनि आवास र अन्य शैक्षिक सामग्रीको खर्च जुटाउने चिन्ता बाँकी नै थियो। बुबा मधुरी साफी भन्छन्, "छोराले आफ्नो मिहिनेतले डाक्टर पढ्ने बाटो त खोल्यो, तर अब यसलाई पूरा कसरी गराउने भन्ने चिन्ता छ। हामीसँग सम्पत्तिको नाममा केही धुर जग्गाबाहेक केही छैन। कक्षा भर्नाका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङसम्म पुग्ने र बस्ने खाने समस्याले क्षणिक खुसीलाई अन्धकारतर्फ धकेल्दै थियो।"

### जब प्रविधिको सहाराले 'भाइरल' बने

सत्यनारायणको कथा सामाजिक सञ्जालमा चर्चामा आएपछि देशैभरबाट सहयोगी हातहरू उनको झुपडीसम्म पुग्न थालेका छन्। प्रविधिको सहारामा उनको सफलताको चर्चा देश, विदेशमा पुगेको छ। विस्तारै आर्थिक सहयोग गर्नेहरू थपिँदै छन्। सहयोगी मनहरू जुर्मुराएका छन्। यो सहयोगले उनलाई केही राहत त दिएको छ। सहयोगी हातहरू झुपडीसम्म आइपुग्दा सत्यनारायणको आँखामा एकातिर कृतज्ञताको भाव देखिन्छ भने अर्कोतिर आफ्नो जिम्मेवारीप्रतिको गहिरो बोध। चारैतिरबाट पाइरहेको साथ र शुभेच्छापछि उत्साहित बनेका सत्यनारायणले भने, "जब म काठमाडौंबाट रित्तो हात गाउँ फर्किएर मजदुरी गर्न थालेको थिएँ, मलाई लाग्थ्यो यो लडाइँमा म एक्लै छु। आज देशैभरिबाट मनकारीहरूले देखाएको माया देख्दा म भावुक भएको छु। यो सहयोग केवल पैसा मात्र होइन, यो मप्रतिको भरोसा र समाजको ऋण हो, जुन म जीवनभर सेवा गरेर तिर्नेछु।"

उनलाई आफूजस्तै अन्य गरिब विद्यार्थीहरूको भविष्यको पनि चिन्ता छ। भन्छन्, "म त भाग्यमानी रहेछु र सबैको नजरमा परेँ, तर म जस्ता हजारौँ सत्यनारायणहरू आज पनि गाउँका कुनाकाप्चामा मजदुरी गर्दै सपना मारिरहेका छन्। राज्यले यस्तो प्रणाली बनाओस् कि कोही पनि प्रतिभाशाली विद्यार्थीले पैसाकै अभावमा किताब फाल्नु नपरोस्। सपना मार्न नपरोस्।"

### आरक्षण : सीमान्तकृतका लागि वरदान

सत्यनारायणको यो सफलतामा मेहनतसँगै नेपालको समावेशी आरक्षण व्यवस्थाको पनि ठूलो भूमिका छ। मधेस मामिला जानकार प्राडा विजयप्रसाद मिश्र

**–बाँकी तीन पेजमा**

# एआईमा आधारित शिक्षण विधिको अभ्यास

**लीलाराज भट्टराई**

कृत्रिम बुद्धिमता अर्थात् 'आर्टिफिसियल इन्टिलिजेन्स' (एआई) ले हरेक क्षेत्रमा आमूल परिवर्तन ल्याउँदैछ। एआईले केही वर्षभित्रै शिक्षा क्षेत्रमा समेत युगान्तकारी परिवर्तन ल्याउने निश्चित छ। आजको युगमा हामी एउटा यस्तो मोडमा उभिएका छौँ जहाँ प्रविधिले हाम्रा हरेक बानी परिवर्तन गरिसकेको छ, तर हाम्रो शिक्षा प्रणाली अझै पनि पुरातन ढाँचामै अल्झिएको छ। एउटै कोठामा ३०–४० जनाभन्दा बढी विद्यार्थी, एउटै पाठ्यपुस्तक र एउटै गतिमा पढाउने शिक्षक रहने ढाँचा अब असान्दर्भिक भइसकेको छ।

यसैबीच अमेरिकाको टेक्सासमा रहेको अल्फा स्कूलले एउटा यस्तो उदाहरण प्रस्तुत गरेको छ जसले शिक्षण सिकाइ प्रक्रियाको परिभाषा नै बदलिदिएको छ। अल्फा स्कूल सम्भवतः विश्वकै पहिलो यस्तो विद्यालय हो जहाँ शिक्षक छैनन्। यो स्कूलको कक्षा कोठामा छिर्दा तपाईंले कुनै शिक्षकले बोर्डमा लेखेर पढाइरहेको देख्नुहुने छैन। बरु विद्यार्थीहरू हेडफोन लगाएर एआई ट्युटरसँग संवाद गरिरहेका देखिन्छन्। यस स्कूलको सबैभन्दा ठूलो विशेषता भनेको दिनमा दुई घण्टा मात्र पढाइ हुनु हो। सुन्दा पत्याउन गाह्रो लाग्छ तर त्यहाँका विद्यार्थीले दिनको मात्र दुई घण्टा पढेर बाँकी समय अन्य सिर्जनशील जीवनोपयोगी काममा बिताउँछन्। नतिजा भने अन्य परम्परागत विद्यालयको तुलनामा १० गुणा राम्रो र राष्ट्रियस्तरको शीर्ष एक/दुई प्रतिशतमा रहने गरेको छ।

परम्परागत विद्यालयमा एउटा कक्षाको पूरा पाठ्यक्रम सक्न एक वर्ष लाग्छ। तर अल्फा स्कूलमा विद्यार्थीले मात्र २२ देखि ३० घण्टाको अध्ययनमा एउटा सिङ्गो कक्षाको पाठ्यक्रम पूरा गर्छन्। यो कसरी सम्भव छ भन्ने कुरा निम्न तथ्यहरूबाट प्रष्ट हुन्छ। निजीकृत पाठ्यक्रम : त्यहाँ एउटै कक्षाका सबै विद्यार्थीका लागि एउटै पाठ्यक्रम र पाठ्यपुस्तक हुँदैन। एआईले प्रत्येक विद्यार्थीको क्षमता, कमजोरी र रुचिको विश्लेषण गर्छ र त्यही अनुसारको फरक–फरक पाठ्यसामग्री विकास गर्छ। यदि कुनै विद्यार्थीलाई फुटबल मनपर्छ भने एआईले गणितका समस्या फुटबलकै तथ्याङ्क प्रयोग गरेर सिकाउँछ। यसले सिकाइलाई 'बोझ' होइन, 'मनोरञ्जन' बनाउँछ।

**नब्बे प्रतिशतको मापदण्ड :** कुनै पनि विद्यार्थीले एउटा पाठको कम्तीमा ९० प्रतिशत नबुझी अर्को पाठमा जानै पाउँदैन। परम्परागत विद्यालयमा कुन विद्यार्थीले कति बुझेका छन् भन्ने मापन गरिँदैन। तर अल्फामा औसत विद्यार्थीले पनि कम्तीमा ९० प्रतिशत पाठ नबुझी अर्को पाठमा जानै मिल्दैन। यसले गर्दा औसत विद्यार्थी पनि उत्कृष्ठ बन्छन्।

**तत्काल प्रतिक्रिया :** गल्ती हुने बित्तिकै एआईले तुरुन्त सच्याउँछ। शिक्षकले हप्ता दिनपछि कापी जाँचेर गल्ती औँल्याउने समयसम्म विद्यार्थीले त्यो विषय बिर्सिसकेको हुन्छ। तर अल्फामा एआईको तत्काल प्रतिक्रियाले सिकाइको गति १० गुणा बढाउने गरेको छ।

**घोकाउने होइन, बुझाउने :** हाम्रा विद्यालयमा विद्यार्थीलाई घोकाउने चलन छ। यतिसम्म कि विद्यालयमा शिक्षकले घोकाएको भन्दा तलमाथि गर्न समेत विद्यार्थी मान्दैनन्। घोकेको कुरा चाँडै बिर्सने हुन्छ, तर अल्फामा घोकाउने होइन बुझाउने गरिन्छ। त्यसका लागि निश्चित समयमा एउटै विषय दोहोऱ्याइन्छ।

**बिदाभन्दा प्यारो विद्यालय :** अल्फा स्कूलको अर्को सफलता भनेको विद्यार्थीको मनोविज्ञानमा ल्याएको परिवर्तन हो। त्यहाँका विद्यार्थीलाई आज घरै बस, स्कूल नजाऊ भन्दा उनीहरू मान्दैनन् किनभने उनीहरूका लागि स्कूल रमाउने ठाउँ हो। खोजको केन्द्र हो।

**स्वाभाविक रूपमा प्रश्न उठ्छः** दुई घण्टा एआईसँग पढ्छन् भने त्यसबाहेकको समय चाहिँ के गर्छन् त ? एआई स्कूलमा त्यसबाहेकको समय विद्यार्थीले जीवन सिक्छन्। आफ्नो रुचि र क्षमता अनुसारको जीवनोपयोगी सीप सिकिरहेका हुन्छन्। उनीहरू फुटबल, भलिबल, पौडी खेल्छन्। साना कक्षामा विद्यार्थी साइकल चलाउन सिक्छन्। कोडिङ सिकिरहेका देखिन्छन्। उनीहरूले दुई घण्टाबाहेकका समयमा उद्यमशीलता र पैसाको व्यवस्थापनका बारेमा सिक्छन्। उनीहरूलाई तीन कक्षादेखि नै वित्तीय साक्षरता र पाँच कक्षामा पुग्दा व्यवसाय कसरी चलाउने भन्ने ज्ञान सिकाइन्छ।

त्यस्तै सानैदेखि सार्वजनिक भाषणकलामा जोड दिइएको हुन्छ। दुई कक्षादेखि नै निर्धक्क बोल्ने कला सिकिरहेका देखिन्छन्। पाँच कक्षा उत्तीर्ण विद्यार्थीलाई टिमवर्कको महत्त्वका बारेमा सिकाइन्छ। विभिन्न व्यवसायलाई कसरी उच्चतम स्तरसम्म पुऱ्याउन सकिन्छ भन्ने ज्ञान उनीहरूले पाइसकेका हुन्छन्। स्कूल तह पार गर्दा प्रत्येक विद्यार्थीसँग आफ्नो जीवनको लक्ष्य र त्यहाँ पुग्ने स्पष्ट मार्गचित्र बोकेर जीवनको नयाँ उडान भर्न तयार भएर निस्कने गर्दछन्।

**नेपालको शिक्षा प्रणालीमा सुधारका लागि सुझावहरू**

नेपालको सन्दर्भमा हामीले तुरुन्तै अल्फा स्कूलकै जस्तो महँगो भौतिक पूर्वाधार बनाउन नसके पनि यसले सिकाएको पाठलाई आत्मसात् गरेर शिक्षामा परिवर्तनको शुरुआत गर्न सक्छौँ। ढिलो/चाँडो हामीले शिक्षामा एआई प्रयोग नगरि सुखै छैन। एआई साक्षर बनाउन सानै कक्षादेखि एआई पढाउन ढिलो गर्नुहुँदैन। अबको शिक्षा 'के सोच्ने' भन्नेमा होइन, 'कसरी सोच्ने' भन्नेमा केन्द्रित हुनुपर्छ। एआई त्यसको सबैभन्दा शक्तिशाली हतियार हो। नेपालले अब ढिलो नगरि यो हतियारको सही सदुपयोग गर्नुपर्छ। हाम्रो शिक्षा प्रणालीमा परिवर्तन ल्याउन तलका कुरामा जोड दिनुपर्ने देखिन्छ।

**शिक्षकको भूमिकामा परिवर्तन :** शिक्षकको भूमिका परिवर्तन गरि 'मेन्टर' वा 'गाइड' मा बदल्नुपर्छ। पाठ्यपुस्तकको ज्ञान दिन एआई र प्रविधिको प्रयोग गर्ने र शिक्षकले विद्यार्थीको अनुशासन, चरित्र निर्माण र प्रेरणामा ध्यान दिने वातावरण बनाउनुपर्छ।

**'वान साइज फिट्स अल' पाठ्यक्रमको अन्त्य :** नेपालको पाठ्यक्रम अत्यन्तै केन्द्रिकृत र बोझिलो छ। हामीले एआई आधारित सफ्टवेयर प्रयोग गरेर विद्यार्थीको रुचि अनुसारको सिकाइ शुरू गर्नुपर्छ। जुम्लाको विद्यार्थी र काठमाण्डौको विद्यार्थीको परिवेश फरक छ। त्यसैले उनीहरूको उदाहरण र सिकाइको शैली पनि फरक हुनुपर्छ।

**सीपमा आधारित शिक्षा :** हाम्रो शिक्षा प्रणालीले प्रमाणपत्रधारी तर बेरोजगार जनशक्ति उत्पादन गरिरहेको छ। एआईमा आधारित अल्फा स्कूलबाट सिकेर हामीले कम्तीमा ५० प्रतिशत सीप सिकाउनुपर्छ। एआई, कृषिको आधुनिक प्रविधि, वित्तीय साक्षरता र कोडिङ जस्ता विषयलाई विद्यालय तहदेखि नै अनिवार्य गर्नुपर्छ।

**'डिजिटल डिभाइड' कम गर्न एआई ट्याब्लेट :** नेपालका दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षक पुग्न गाह्रो छ। तर यदि हामीले 'अफलाइन एआई ट्युटर' भएका ट्याब्लेट वितरण गर्न सक्यौँ भने हुम्लाको एउटा बच्चाले पनि काठमाण्डौको भन्दा उत्कृष्ट शिक्षा पाउन सक्छ। यसले शिक्षामा रहेको असमानता हटाउनेछ।

**मूल्याङ्कन पद्धतिको पुनरावलोकन :** वर्षको अन्त्यमा लिइने तीन घण्टाको परीक्षाले विद्यार्थीको वास्तविक क्षमता मापन गर्दैन। हामीले 'कन्टिन्युअस एसेसमेन्ट' र एआई आधारित ट्याकिङ शुरू गर्नुपर्छ जहाँ विद्यार्थीले कति घण्टा र कति दिन स्कूलमा बितायो भन्दा पनि कति ज्ञान हासिल गऱ्यो भन्ने कुराले महत्त्व पाउनुपर्छ।

**चुनौती र भविष्य**

एआई स्कूलको अवधारणा सुन्दा जति आकर्षक छ, यसका चुनौती पनि त्यति नै छन्। स्क्रिन टाइमको व्यवस्थापन, मानवीय संवेदनाको कमी हुन नदिने र प्रविधिमा सबैको पहुँच पुऱ्याउनु ठूलो चुनौती हो। तर परम्परागत शिक्षा प्रणाली असफल जस्तै भइसकेको अवस्थामा यो जोखिम लिनुको विकल्प छैन। अल्फा स्कूलले प्रमाणित गरिदिएको छ कि शिक्षाको उद्देश्य 'धेरै पढाउनु' होइन, 'राम्रोसँग सिकाउनु' हो। एआईले शिक्षाको पहुँचलाई लोकतान्त्रिक बनाउँदैछ। नेपालले समयमै यो प्रविधिलाई अङ्गीकार गर्न सक्यो भने हाम्रा बालबालिका विश्व बजारमा कसैभन्दा कम हुने छैनन्।

## झुपडीबाट

आरक्षणको व्यवस्थाको महत्त्व सत्यनारायणजस्ता धेरै युवाहरूको सफलताले थप सान्दर्भिक बनाउँदै लगेको बताउँछन्। भुइँमान्छेहरूले आफ्नो अधिकार सही प्रयोग नगरेसम्म र ओझेलमा परेको समुदायलाई अवसर नदिएसम्म लोकतन्त्र बलियो हुँदैन भन्ने कुरा यसबाट बुझ्नुपर्ने उनको भनाइ छ। प्रा.डा.मिश्र भन्छन्, "आरक्षणलाई अझै वैज्ञानिक बनाउनुपर्छ, यसलाई भुइँमान्छेले लाभ लिने गरी अझै व्यवस्थित बनाउनुपर्छ। कुन समुदाय पछाडि छ भन्ने बुझ्न प्रत्येक १० वर्षमा यसको समीक्षा गर्दै अगाडि बढ्नुपर्छ।" सत्यनारायण साफी युवाहरूका लागि प्रेरणाको बलियो स्रोत बनेका छन्। झुपडीमा फुलेको उनी र उनीजस्तै युवाहरूको 'सपनाको बिउ' लाई फक्राउन सरकार र सरोकार भएकाहरूको सहयोगको खाँचो छ।

# ऐतिहासिक पर्सागढीमा विजय उत्सव मनाइने

पर्सा, १७ पुस। ब्रिटिस इष्ट इन्डिया कम्पनीको फौजलाई गोर्खाली सेनाले पराजित गरेको ऐतिहासिक युद्धस्थल पर्सागढीमा विजय उत्सव मनाइने भएको छ। गोर्खाली सेनाले ऐतिहासिक जित हात पारेको अवसरमा पारेर यस वर्ष पनि २११औँ विजय यही पुस १९ गते भव्य कार्यक्रम गरेर उत्सव मनाउन लागिएको पर्सागढी नगरपालिका प्रमुख गोकर्ण पाठकले बताए।

उनले विभिन्न कालखण्डमा भएको क्रान्तिले मुलुकभित्र सत्ता मात्रै परिवर्तन गरे पनि विसं १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इष्ट इन्डिया कम्पनी फौजबीच भएको युद्धले नेपाल जोगाउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरणमा विजय उत्सव मनाउन लागिएको बताए। "गोर्खाली सेनाले पर्सागढीको युद्ध जितेकाले नेपाल नेपालको रूपमा रहिरहेको छ। त्यसैले पनि त्यो खास विजयलाई चिरस्थायी बनाउन पनि विजय उत्सव मनाउन लागेका हौँ", नगरप्रमुख पाठकले भने, "अन्य नेपालका गढीहरू व्यवस्थित भए पनि पर्सागढी जग्गाको किचलोको कारणले व्यवस्थित गराउन समस्या भइरहेको छ। त्यसमा पनि यसपटकको समारोहले ध्यानाकर्षण गर्नेछ।"

श्रीजङ्ग गण पर्साका प्रमुख सेनानी लोकेन्द्र कार्कीले ब्यान्डबाजा, सेनाको ऐतिहासिक वेशभूषासहित पदयात्रा गरिने जानकारी दिए। पर्सागढी मन्दिर व्यवस्थापन समिति, नेपाली सेनाको श्रीजङ्ग गण, पर्सागढी नगरपालिकाको सहकार्यमा विजयउत्सव मनाउन लागिएको हो। पर्सागढी मन्दिर व्यवस्थापन समितिका पूर्वअध्यक्ष वृजमोहन चौधरीले गोर्खाली सेनाले तत्कालीन ब्रिटिस सेनालाई हराएको ऐतिहासिक पर्सागढी जङ्गल क्षेत्र स्थानीयले कब्जा गर्दा यहाँ अन्य संरचना बनाउन समस्या भइरहेको गुनासो गरे।

विसं १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इष्ट इन्डिया कम्पनी फौज पर्सागढीमा युद्ध भएको थियो। अंग्रेज फौजको नेतृत्व मेजर जनरल मार्लेअन्तर्गतका कप्तान सिब्लीले गरेका थिए भने नेपाली फौजको नेतृत्व भने रञ्जित चौधरीले गरेको बताइन्छ। साबिक गाउँ झिगना, पचरुखी, चैनपुर, बागिश्वरी, बागवान, हरपुर, बिरुवा, बकनेर्वाका स्थानीय बासिन्दाले ठूलो संख्यामा स्थानीय हातहतियारसहित भैँसी तथा राँगाको सिङमा मसाल बाँधी दुवै खोलाको मुहान र दोभान छाडी गोर्खाली फौजको ठूलो संख्या आएको भान पारी अङ्ग्रेजलाई त्यहाँबाट भगाएको कथन छ।

यहाँ पर्सागढीको युद्धमा सक्रिय भूमिका निर्वाह गरेका रञ्जित चौधरीका कुलदेवता वन्हरबाबाको मन्दिर निर्माण गरिएको छ। पर्सागढी मन्दिर परिसरमा धर्मशाला पनि सञ्चालनमा छ। समितिका अध्यक्ष चौधरीले पुराना हतियार संग्रह गरिए पनि संग्रहालय निर्माण गर्न नसकिएको बताए।

# धनुषामा अनलाइन ठगी गर्ने गिरोह पक्राउ

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १७ पुस। धनुषा प्रहरीले वालेट खातमार्फत अनलाइन ठगी गर्ने ६ जना गिरोहलाई पक्राउ गरेको छ। धनुषा जिल्ला प्रहरी कार्यालयद्वारा बुधबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा डिजिटल वाटेलमार्फत क्यूआर कोड दुरुपयोग गरी सर्वसाधारणलाई ठगी गर्दै आएको एक गिरोहलाई पक्राउ गरेको जनाएको हो।

प्रहरीका अनुसार वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूले आफन्तको नाममा रेमिट्यान्समार्फत पठाएको रकम निकाल्ने क्रममा सेवाग्राहीबाट नागरिकताको प्रतिलिपी तथा अनधिकृत रूपमा फोटो संकलन गरी ती कागजातको दुरुपयोग गर्दै सिम कार्ड निकालेर वालेट खाता खोली क्यूआर कोडमार्फत अनलाइन ठगी गर्दै आएको गिरोहका एक समूह प्रक्राउ परेका हुन्।

पक्राउ पर्नेमा धनुषाधाम नगरपालिका–९ धारापानी चौकस्थित मामा भान्जा ट्रेडर्स (आइएमई) का सञ्चालक विनोद भन्ने विशाल भुजेल, सोही स्थानका दिपशिखा मोबाइल पसलका सञ्चालक सन्तोष मण्ड, धनौजी गाउँपालिका–२ का साधु राम ररुपेशकुमार साह, जनकपुरधामस्थित शिव चौक क्षेत्रमा डेरा गरी बस्ने बलराम मण्डल र निक्कीकुमार राम रहेका छन्।

ति गिरोहको साथमा विभिन्न कम्पनीका १९ थान मोबाइल, चार थान ल्यापटप, एप्पल कम्पनीको आइ प्याड एक थान, ठगी कार्यमा प्रयोग भएका सिम कार्डहरु २० थान, इन्टरनेटको राउटर तीन थान र सिम कार्डका विवरण खुल्ने ५५ थान कभर बरामद गरिएको धनुषाका प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता गणेशबहादुर बमले बताउनुभयो।

बमका अनुसार आईएमईबाट रकम निकाल्न आउँदा नागरिकताको प्रतिलिपि र फोटो आवश्यक पर्ने भन्दै विशेष गरी महिलालाई झुक्याएर कागजात संकलन गरिएको थियो। ती कागजातको दुरुपयोग गरी अनाधिकृत रूपमा वालेट खाता सञ्चालन गरी ठगी गरिएको पाइएको हो।

उहाँले भन्नुभयो, "रेमिट्यान्सबाट पैसा निकाल्दा फोटो आवश्यक हुँदैन, तर ती मनी चेन्जरले जानाजानी फोटो अनिवार्य गरेका थिए। उनीहरूले विशेष गरी महिलालाई लक्षित गरेका थिए। यस गिरोहमा सूचना प्रविधि तथा प्रविधिसँग नजिक भएका व्यक्तिहरू संलग्न रहेकाले यस्तो ठगी सम्भव भएको हो।" अनुसन्धानका क्रममा विभिन्न व्यक्तिको नाममा खोलिएका वालेट अकाउन्टबाट हालसम्म ३९ लाख २० हजार ६५ रुपियाँभन्दा बढीको कारोबार भएको पाइएको छ। धारापानी क्षेत्रका २९ जनाको नाममा खोलिएका अकाउन्टमा करिब ४ लाख रुपैयाँ हाल पनि ब्लक अवस्थामा रहेको प्रहरीले जनाएको छ।

पक्राउ परेकाविरुद्ध हाल तीन जनाले जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएका छन्। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी गणेश बहादुर बमले जानकारी दिनुभयो ।

**ठगी गर्ने तरिका**

प्रहरीका अनुसार क्यूआर सेवा केन्द्रका सञ्चालकले प्रति अकाउन्ट एक हजार पाँच सयदेखि २ हजार रुपियाँ लिएर अनाधिकृत वालेट अकाउन्ट सञ्चालन गरी मोबाइल पसले सन्तोष मण्डललाई उपलब्ध

–बाँकी अन्तिम पेजमा

# सिरहाबाट दुई क्विन्टलभन्दा बढी गाँजा बरामद



**मणिलाल विश्वकर्मा**

लहान, १७ पुस। सिराहाको पश्चिमी कर्जन्हा नगरपालिका- १०, मनहर्वाबाट प्रहरीले खाली घरमा लुकाएको अवस्थामा दुई क्विन्टलभन्दा बढी प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार गाँजा लुकाएर राखिएको भन्ने गोप्य सूचनाको आधारमा बुधबार दुई क्विन्टल १० किलो गाँजा बरामद भएको हो। इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलीले मनहर्वास्थित घरमा १० वटा जुटको बोरामा प्याक गरी लुकाएको अवस्थामा उक्त परिमाणको गाँजा बरामद गरेको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार बरामद गरिएको गाँजा प्रक्रिया पुऱ्याएर मिर्चैया प्रहरीमा ल्याई थप अनुसन्धान भइरहेको छ प्रहरीले घर र घर रहेको जग्गा कसको हो भन्ने केही खुलाएको छैन। पछिल्लो मंसिर महिनामा जिल्ला प्रहरी र मातहतका प्रहरी युनिटहरूबाट खटिएका प्रहरी टोलीले एक हजार १९ किलो ९३० ग्राम प्रतिबन्धित गाँजा बरामद भएको प्रहरीले जनाएको छ।

# मदिरा सेवनबाट एक महिनामा पाँच युवकको मृत्यु

**जीवछ यादव**

लहान, १७ पुस। लहान नगरपालिका वडा नम्बर १ र २ मा रहेको मुसहर समुदायको बस्तीमा एक महिनामा पाँच युवकको मदिरा सेवन गरेर मृत्यु भएको छ। ४० वर्ष नकाट्दै मदिरा सेवन गरेर युवकहरुको मृत्यु हुँदै जाने समस्या समाधान गर्न यस बस्तीमा मदिरा बिक्री वितरणमा रोक लगाउन स्थानीय महिलाहरुले निरन्तर माग गर्दै आइरहेका छन्।

लहान वडा नम्बर १ मटियर्वाका पतिराम सदाय, नन्दा सदाय, नथुनी सदाय सञ्जिव सदाय र विजय सदायले अत्यधिक मदिरा सेवन गरेकै कारण मृत्युको मुखमा पुगेपनि यस बस्तीको वरिपरि रहेका आधा दर्जनभन्दा मदिरा भठी बन्द गरेर यस बस्तीलाई जोगाउन लहान नगरपालिका र इलाका प्रहरी कार्यालय लहानसँग माग गर्दै आइरहेपनि बन्द नभएको मनसर सदायले गुनासो पोख्नुभयो।

लहान १ मटियर्वाकी ३५ वर्षीय सुनिता सदाय भन्नुहुन्छ, "मदिरा बिक्रीमा रोक नलगाए मटियर्वा गाउँमा रहेको तीन सय घर परिवारको मुसहर समुदायको बस्तीमा ४० वर्ष उमेरका युवाहरु पाउने मुस्किल छ। मेरो पति दिनको एक हजारभन्दा बढी कमाइ गनुहुन्छ तर राति घर आउँदा सबै मदिरा भठीमा खर्च गरेर आउने गर्नुहुन्छ। घरमा आएर होहलला गर्ने सम्भाउँदा हिंसा सहनुपर्ने अवस्था छ। कहिले कुन सरकार आए मटियर्वा गाउँमा मदिरा निशेध गर्नेछ।"

लहान नगरपालिकाले शीतलहरमा फाइवर सिरक र दाउरा अन्य वडाहरुमा वितरण गरेपनि यस बस्तीमा शीतलहरबाट मुसहर समुदाय यतिका पीडित भए पनि न सिरक न दाउरा न नालाको सरसफाई गर्दा ठुलो समस्यामा परेका स्थानीय मुसहर समुदायले गुनासो गरेका छन्।

मुसहर समुदायको बस्तीबाट मदिरा निषेध गरियो भने मात्रै मटियर्वा गाउँका मुसहर समुदायको आर्थिक सामाजिक रुपमा विकास हुने देखिएको मानव अधिकारवादी राज कुमार राउतले भन्दै स्थानीय सरकार प्रहरी प्रशासनको ध्यान जानुपर्ने बताउनुभयो।

यता लहान नगरपालिका प्रमुख महेश प्रसाद चौधरीले मटियर्वामा एक महिनामा पाँच जनाको मदिरा सेवनका कारण मृत्यु भएको छ। मदिरा बिक्री रोक्न ठुलो चुनौती रहेको बताउनुभयो। उहाँले भन्नुभयो,"मदिरा बिक्रीमा रोक लगाउन बस्ती व्यवस्थापन र जनचेतनाको कार्यक्रम गर्न ठोस योजना ल्याउन लागेका छौं। शीतलहरबाट जोगाउन माग अनुसारको दाउरा र न्यायनो लुगा समेत वितरण गर्नेछौं।"

# धोतीलाई राष्ट्रिय पोशाकको मान्यता दिनुपर्ने माँगगर्दै जनमतलेगरे प्रदर्शन




सिरहा, १७ पुस। धोती कुर्तालाई राष्ट्रिय पोशाकको रुपमा मान्यता दिनुपर्ने माँगगर्दै जनमत पार्टी सिरहाले गोलबजारमा 'राष्ट्रिय धोति दिवस'को अवसरमा र्याली प्रदर्शन गरेका छन्। मधेशमा बसोवास गर्ने ठूलो हिस्साले सदियौंदेखि धोती, कुर्ता र पैजामा लगाउँदै आएकाले यसलाई राष्ट्रिय पोशाकको मान्यता दिनुपर्ने भन्दै जनमत सिरहाले गोलबजारमा ऱ्यालिको आयोजना गरेको हो।

मधेशमा पूर्वजहरुले नै यसलाई पोशाकको रुपमा लाउँदै आएको बताउँदै आज हाम्रो पहिचान बनेको जनमतका नेता संजय कुमार यादवले बताए। मधेश प्रदेशका पूर्व मन्त्रीसमेत रहेका यादवले भने, 'धोती, कुर्ता, गम्छा मधेशी हावापानी, यहाँको पर्यावरण, संस्कार, संस्कृति बनेको छ। आज हामी आफ्ना सुविधा अनुसारका पोशाक लगाएपनि हाम्रो सबै रितिरिवाजमा धोती कुर्ताको प्रयोग अनिवार्य छ।' उनले कुनैपनि देशभित्र विभिन्न संस्कार, संस्कृति र रितिरीवाज हुन्छ। त्यहाँ आ-आफ्नै खालका पहिरन पनि हुन्छ। यस्तो अवस्थामा निश्चित पोशाक (दउरा सुरुवाल)मात्र राष्ट्रिय पोशाक हुन नसक्ने भन्दै हाम्रो पहिचान, संस्कार, संस्कृतिसँग जोडिएको धोती कुर्ताले पनि राष्ट्रिय पहिचान पाउनु पर्ने बताए।

धोती लाई अन्तराष्ट्रिय पहिचानको रुपमा स्थापीत गराउनलाई दिवसको रुपमा आयोजना गरेको पार्टीका केन्द्रिय सदस्य बालेश्वर यादवले जिकिर गरे। उनले भने, 'पोसाककै कारण मधेशीहरुले हेला होचो सहनु पर्यो, अब हामी हाम्रो पोशाकलाई अन्तराष्ट्रिय करण गराउन चाहन्छौं, हामी प्रत्यक वर्ष यसैदिनलाई धोती दिवसको रुपमा मनाउँछौं।'

धोति दिवसमा उपस्थित भएका जनमतका धेरै नेताहरुभने थोरैलेमात्र धोति पहिरिएका थिए।

# वनभोजमा सरीक हुन हेलिकोप्टर चढेर बागमतीका मूख्यमन्त्री बानियाँ सिरहा आए

सिरहा, १७ पुस। नेपाली काँग्रेसका सभापति रामचन्द यादवको निम्तोमा वनभोजमा सरीक हुन हेलिकोप्टर चढेर आएका बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बानियाँको आलोचना हुन थालेको छ। अंग्रेजी नयाँ वर्ष २०२६ को अवसरमा काँगेस सभापति यादवले धनगढीमाई नगरपालिका १४ सर्रेआम्वासमा आयोजना गरेको वनभोजमा सरीकहुन हेलिकोप्टर चडेर आएका आएकाले उनको आलोचना भएको हो।

आफ्नै पार्टीले आयोजना गरेको भएपनि वनभोजमा मुख्यमन्त्री सवार हेलिकोप्टरको भाडा र राज्यको अन्यस्रोतसाधनको खर्चप्रति यहाँका राजनीतिकर्मीहरुले प्रश्न खडा गरेका छन्। उनीहरुले फष्ट जनवरीको वनभोजमा राज्यको ढुकुटी खर्चगरेर मुख्यमन्त्री काठमाडौंबाट हेलिकोप्टरमा सिरहा आउनु राजनीतिक मनोमानी भएको उनीहरुको तर्क छ। साथीभाईले आयोजना गरेको पीकनिकमा सरिकहुनु अनौठो नभएपनि राज्य कोष दुरुपयोग प्रति प्रश्न खडा गरेको छ।

स्थानीय बुद्धिजीविहरुले यो पीकनिकलाई नयाँ वर्षको उत्सव भन्दा पनि चुनावी कार्यक्रमको रुपमा लिएको छ। २०८२ मा नेपाली काँग्रेसका सिरहा सभापती आफै यसैक्षेत्रबाट चुनाव लड्ने घोषणा भएकाले यो कार्यक्रमलाई प्रचारको सुरुवातको रुपमा हेरीको छ भने कतिपयले पार्टीभित्रको विवाद साम्यपार्ने प्रयासका रुपमा अर्थ्याएका छन्।

बागमति र मधेशका मुख्य मन्त्री श्रीकृष्ण यादवकोसमेत उपस्थितले यो घटनालाई फेरी एक पटक राज्यस्रोतको गलत प्रयोगको रुपमा हेरीएको छ। कतिपयले सिरहा लगायत तराईमा पछिल्ला दिनहरुमा चलेको शितलहर प्रभावितलाई राहात पुर्याउनु पर्ने अवस्थामा वनभोजका नाममा राज्यको स्रोतसाधन खर्चीनु राजनीतिक बेईमानी भएको बताएका छन्।

## धनुषामा...

गराउने गरेका थिए। सन्तोष मण्डलले सेवाग्राहीको मागभन्दा बढी सिम कार्ड दर्ता गरी ती सिम प्रयोग गरेर अकाउन्ट भेरिफिकेसन तथा क्युआर कोड तयार गरी साधु रामलाई बिक्री गर्ने गरेका थिए।

साधु रामले ती अकाउन्ट आफ्नै मोबाइलमा लगइन गरी अन्य ठगीमा संलग्न व्यक्तिहरूलाई पठाउने, प्राप्त रकमबाट २५-३० प्रतिशत कमिसन राखी बाँकी रकम वितरण गर्ने गरेको खुलेको छ। त्यसैगरी बलराम मण्डल, रुपेश र निक्कीले सामाजिक सञ्जालमा नक्कली फेसबुक आईडी बनाएर लत्ता-कपडा, फर्निचर, मोटरसाइकल लगायतका सामग्रीको विज्ञापन गरी सर्वसाधारणलाई ठगी गर्ने गरेका थिए।

# नयाँ वर्ष मनाउन भारतीय पर्यटकको भिड

**धर्बेन्द्र झा**

जनकपुरधाम, १७ पुस। अंग्रेजी नयाँ वर्ष २०२६ को पहिलो दिन बिहीबार जनकपुरधामको जानकी मन्दिरमा पुजाअर्चना गर्ने नेपाली र भारतीय पर्यटकको भिड लागेको छ। नयाँ वर्ष २०२६ मनाउन जनकपुरधाम आएका पर्यटकहरुले मौसममा सुधार भएर घाम लागेपछि आज बिहानैदेखि जनकपुरधामको प्रसिद्ध गंगासागर पोखरीमा स्नान गरी जानकी मन्दिर, राजदेवी मन्दिर, राम मन्दिर, शिव मन्दिर, संकटमोचन मन्दिरसहितका मन्दिरमा पूजा अर्चना गरी मंगल कामनाका साथ नयाँ वर्षको स्वागत गरेका छन्।

जनकपुरधामको जानकी मन्दिरमा नेपाल भारतको विभिन्न स्थानबाट हजारौंको संख्यामा आएका श्रद्धालु भक्तजनले आज विभिन्न कामनाका साथ जानकी माताको पूजापाठ गरी दर्शन गरेको पुजारी रिसिकेस दासले बताउनुभयो।

भारतको विहार राज्यको दुलिपटी बाट जनकपुरधाम आएका मनोज झाले अंग्रेजी नयाँ वर्ष २०२६ मनाउनका लागि सम्पूर्ण परिवार जनकपुरधाम आएको र आज पहिलो दिन माता जानकीको दर्शन गरेपछि धन्यभएको बताउनुभयो। जानकी माताको दर्शनगरेपछि वर्षभरी राम्रो रहने भन्दै उहाँले विगतका वर्षहरुमा पनि नयाँ वर्षको पहिलो दिन जनकपुरधाम आउने गरेको बताउनुभयो।

अंग्रेजी नयाँ वर्ष २०२६ मनाउन जनकपुरधाम आएका नेपाली र भारतीय पर्यटकको कारण जनकपुरधामको बजारमा बिक्री वितरणमा बढोतरी हुनुको साथै जनकपुरधामको होटल भरीभराउ रहेको जनकपुरधाम उद्योग बाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले बताउनुभयो। जनकपुरधाममा नेपाल र भारतीय पर्यटकको आजको दिन हुने विशेष आगमनले जनकपुरधामका व्यवसायी समेत उत्साहित रहनेगरेको र बजारमा पनि व्यापक मात्रामा किनमेल हुनेगरेको उहाँले बताउनुभयो। स्थानीय प्रशासनले जनकपुरधाम क्षेत्रमा आजको दिन हुने पर्यटकको भिडका कारण जनकपुरधामको सुरक्षा व्यवस्था कडा परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८४२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)